# बार्षिक नीति तथा कार्यक्रम

तिलोत्तमा नगरपालिकाको दोश्रो नगरसभाको तेश्रो अधिवेशनमा उपस्थित नगर उप-प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभाका सम्पुर्ण सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीज्यूहरु एवं टेलिभिजन तथा रेडियोबाट प्रत्यक्ष प्रशारणमा जोडिइरहनुभएका सम्पूर्ण नगरबासी एवं आम महानुभावहरु,

सर्वप्रथम नगरसभाको यस महत्वपूर्ण अधिवेशनमा यहाँहरु सबैलाई हार्दिक स्वागत एवं धन्यवाद व्यक्त गर्दछु। यस महत्वपूर्ण अवसरमा परिवर्तनका खातिर आफ्नो जीवनको उत्सर्ग गर्नुहुने ज्ञात् अज्ञात सहिदहरुप्रति उच्च सम्मान सहित हार्दिक श्रद्धा सुमन व्यक्त गर्न चाहन्छु ।

आर्थिक वर्ष ०८०/०८१ को नीति कार्यक्रमको लक्ष्य "समृद्ध नगर खुशी नगरबासी" रहेको छ । नगरबासीको सर्वाङ्गगीण विकाससँगै समृद्धि सूशासन सेवा प्रवाहका साथ तिव्र विकासको अपेक्षालाई उपलब्ध स्रोतसाधनको समुचित प्रयोग गर्दै नगरबासीको आंकक्षा पूरा गर्न दृढ संकल्पित रहेको कुरा यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु ।

चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा टेकेर नगरको आर्थिक, सामाजिक, साँस्कृतिक विकासका उद्धेश्य, लक्ष्य, रणनीति र कार्यनीति सहितको स्पष्ट विकासको खाका निर्धारण गरी एकीकृत शहरी विकास योजना कार्यान्वयन गर्न यो नीति तथा कार्यक्रम निर्देशित छ ।यस नीति तथा कार्यक्रम संघीयताको कार्यान्वयनसँगै सिंहदरबारको अधिकार जनताको बीचमा पुर्याउन कोशेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गर्दा निम्न पक्षलाई मुख्य मार्गनिर्देशकको रुपमा लिइएको छः

क. नेपालको संविधान–२०७२

ख. स्थानीय सरकार सञ्चालन ऐन–२०७४

ग. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन–२०७४

घ. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन–२०७४

ङ. नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकारले तर्जुमा गरेका नीति तथा कार्यक्रम र बजेट

च.	दीगो विकास लक्ष्यहरु हासिल गर्नेलगायतका नेपाल सरकारले अन्तर्राष्ट्रिय क्षेत्रमा जनाएका प्रतिबद्धताहरुबाट सिर्जित दायित्व

छ.	यस नगरपालिकाको एकीकृत सहरी विकास योजनाले मार्गनिर्देश गरेका नीति तथा कार्यक्रमहरु तथा मध्यमकालिन खर्च संरचना

ज.	नेपाल सरकार, लुम्बिनी प्रदेश सरकारका आवधिक विकास योजनाहरु

झ.	संघ र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक, सामाजिक लगायतका विकासका नीतिहरु लगायत ।

तिलोत्तमा नगरपालिका लोकतन्त्रका आधारभूत मूल्य, मान्यता, बहुलवादी खुला समाज, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसाथ गर्दै विधिको शासनप्रति पूर्ण प्रतिबद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिको रुपमा स्थापित गर्ने कुरामा नगर सरकार हरपल प्रयत्नशील छ । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नगरबासीले गर्न सकुन् भन्नेमा हामीहरु अत्यन्त सचेत छौं । नगरको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न नगर सरकार दृढ छ ।

उपस्थित आदरणीय नगरसभाका सदस्यज्यूहरु ,

अब म आर्थिक वर्ष ०८००८१/ मा यस नगरपालिकाले आर्थिक बिकास अन्तर्गत कृषि, पशु, रोजगारी , पर्यटन तर्फ लिने नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

१. **खेतवारीमा उत्पादन हातहातमा अनुदानको** नीति अपनाउदै कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गरिनेछ । कृषि क्षेत्रको बैज्ञानिकरण, आधुनिकीकरण, यान्त्रीकरण र औद्योगिकरण मार्फत उत्पादन र उत्पादकत्व अभिवृद्धि गरि नगर क्षेत्रलाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउन तथा स्थानीय अर्थतन्त्रमा कृषि क्षेत्रको योगदानलाई बढोत्तरी गर्न **"तिलोत्तमा नगर कृषि पकेट कार्यक्रम"** अन्तर्गत तरकारी पकेट क्षेत्र, आलु पकेट क्षेत्र, प्याज पकेट क्षेत्र का लागि ठाउ पहिचान गरी उत्पादनमूलक कार्यक्रमहरू संचालन गरिनेछ ।कृषिजन्य उत्पादनमा आत्मनिर्भर बनाउन कृषि प्रबर्धनका लागि कार्यक्रमहरू ल्याइनेछ ।

२. नगर क्षेत्र भित्र उत्पादित कृषिजन्य बस्तुहरुको बजारीकरणको प्रमुख आधारको रुपमा रहेका कृषि हाटबजारहरुको सुधार तथा स्तरोन्नति गरिनेछ ।कृषिजन्य उत्पादनको बिक्रि वितरणमा सूचना प्रविधिको अधिकतम प्रयोग गरि डिजिटल बजार तयार गरिनेछ ।
३. नगरका प्रमुख बालीहरुमा देखापर्ने रोगहरुको शीघ्र निदानको लागि नगर क्षेत्रभित्र बिशेषज्ञ सहितको बाली उपचार शिविर संचालन गरिनेछ । वाली वीमा कार्यक्रम संचालनमा ल्याइनेछ ।
४. एग्रो पुलिंग अवधारणाको विकास गरि सामुहिक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ । किसानको उत्पादन सोझै जनताको घरमा पुर्याउन Farm to Home अवधारणाको कार्यान्वयन गरिनेछ । वडा नं ७ मा रहेको कृषि सेवा केन्द्र लाइ स्तरोन्नती सहित संचालन मा ल्याइनेछ ।
५. नगरपालिकामा एक **भूमि बैंक** स्थापना गरिनेछ जहाँ सार्वजनिक तथा नदी उकास जग्गाको लगत संकलन गरि उक्त जग्गामा बैदेशिक रोजगारीबाट फर्किएका यूवा, स्थानीय यूवा, आमा समूह, यूवा क्लब तथा यस्तै प्रकृतिका सामुदायिक संघ संस्थाहरुलाई तुलनात्मक लाभ बढी हुने किसिमका फलफूल तरकारी खेति तथा अन्य कृषिजन्य उत्पादन का लागि प्रोत्साहन गरिनेछ । सामुहिक खेती प्रणाली अवलम्बन गर्ने समूहहरुलाई **जोताईमा ५० प्रतिशत अनुदान** उपलब्ध गराइनेछ ।
६. सहरी क्षेत्र लक्षित कौसी तरकारी तथा फलफूल खेति कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ । कौशी खेतीलाई प्रश्रय पुग्ने गरि घरहरुबाट निस्कने जैविक फोहोरलाई कम्पोष्ट मल बनाउने तालिम संचालन गरिनेछ । सहरी क्षेत्रहरुमा उपभोक्ता र साझेदार संस्थाहरुसंग को सहलगानीमा कम्पोष्ट विन वितरण गरिनेछ ।
७. छाडा चौपायाहरुको व्यवस्थापन गर्न नगर क्षेत्रभित्र सञ्चालित गौशालाहरुको सुधार तथा स्तरोन्नति गरिनेछ । जंगली जन्तु छाडा चौपाया नियन्त्रण कार्यको लागि नगरपालिकाले बिकास गरेको पशुसेवा व्यवस्थापन प्रणालीलाई अनिवार्य गरिनेछ । सामुदायीक कुकुरहरू लाइ गरिदै आएको कुकुर बन्ध्याकरण कार्यक्रमलाइ निरन्तरता दिइनेछ । सामुदायिक बनहरुमा तारबार गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
८. पशु सेवालाई प्रभावकारी रुपमा सम्पादन गरि पशुपंक्षीहरुको आकस्मिक उद्दार तथा उपचार सेवा प्रदान गर्नको लागि विशेषज्ञ पशु चिकित्सक सहितको **"भेट एम्बुलेन्स"** सेवा संचालन गरिनेछ ।
९. देशब्यापी रुपमा पशुहरुमा देखा परेको खतरनाक **"लम्पी स्किन"** रोग बिरुद्धको खोप नगर क्षेत्रभित्र रहेका सम्पूर्ण गाईहरुमा निशुल्क उपलब्ध गराइनेछ । यसका लागि **"पशु**

**प्राविधिकको व्यापक परिचालनःनगरपालिकामा व्यवसायिक पशुपालन"** अवधारणामा रही कार्य गरिनेछ ।

१०. बिभिन्न विपदको कारण कृषि तथा पशुपालन व्यवासयहरुमा हुन सक्ने क्षती न्यूनीकरण तथा विपदबाट सिर्जना हुने व्यवसायिक जोखिम कम गर्न **"कृषि तथा पशुपन्छी आकस्मिक लाभ कोष"** स्थापना गरि परिचालन गरिनेछ ।

११. **"पशुपालक किसानहरुको वास्तविक सम्मान, उत्पादनमा आधारित अनुदान"** भन्ने अभिप्रायले नगरपालिकाले संचालन गर्दै आएको दुग्ध उत्पादनमा आधारित अनुदानलाई निरन्तरता दिईनेछ । लुम्बिनी बिशिस्टिकृत दुग्ध सहकारी तथा अन्य दुग्ध उत्पादक सहकारी संस्था हरु लाइ सहयोग, समन्वय र सहजीकरण गरिनेछ ।

१२. स्वच्छ तरकारी र फलफुलः स्वच्छ भान्सा अभियान संचालन गर्न अत्याधुनिक खाद्य प्रयोगशाला स्थापना गरि ल्याव प्रमाणित खाद्य बस्तुहरू जस्तै तरकारी, फलफूल, खाद्यान्न, दुध र दुग्धजन्य पदार्थ मात्र बिक्रि वितरण गर्न पाउने व्यवस्था गरिनेछ ।

१३. नगर क्षेत्रभित्रका सफल उद्यमी एवं व्यवसायीहरु तर्फबाट प्रतिनिधित्व हुने गरि एक **अर्थतन्त्र पुनरुत्थान सुझाब कार्यदल** गठन गरि उक्त कार्यदलको सुझाबको आधारमा स्थानीय अर्थतन्त्र लक्षित योजना तथा कार्यक्रमहरु संचालन गरिनेछ ।

१४. नगरपालिकाले संचालन गर्ने विभिन्न कार्यक्रम तथा समारोहहरुमा खपत हुने फूल स्थानीय व्यवसायीहरु संग मात्र खरिद गर्ने नीति लिईनेछ । यसका लागि आर्थिक बर्षको सुरुवातमा नै सूचना प्रकाशन गरि स्थानीय व्यवसायीहरु संग उचित मूल्यमा खरिद गर्ने गरी सम्झौता गरिनेछ ।

१५. बैदेशिक रोजगारीमा रहनुभएका तिलोत्तमाबासी दाजुभाई दिदीबहिनीहरुले पठाउनुभएको रेमिटयान्सलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ । व्यवसायिक संस्थाहरुको व्यवसायिक सामाजिक उत्तरदायित्वको रकम र सहकारी संस्थाहरुको पूँजीलाई समेत उत्पादनशील क्षेत्रमा प्रयोग गर्न प्रोत्साहन गरिनेछ । नगर क्षेत्रभित्र संचालित सहकारीहरुमा सहकारी सुशासन कायम गर्न निरन्तर अनुगमन गरिनेछ ।

१६. स्थानीय उत्पादनहरुको प्रवर्द्धन तथा बजारीकरणको लागि हाल संचालनमा रहेको ई कमर्श प्लेटफर्म तथा अन्य बजारको व्यवस्था गरिनेछ । "मेड इन तिलोत्तमा" घरको स्थापना गरी स्थानीय उत्पादनलाई प्रोत्साहन गरिनेछ । विभिन्न सुपर मार्केटहरु संग सम्झौता गरि उक्त बजारहरुमा तिलोत्तमाको उत्पादन बिक्रि वितरणको व्यवस्था गरिनेछ ।

१७. रोजगार प्रदायक र रोजगारीको अवसर खोजि रहेका व्यक्तिहरुलाई एक आपसमा जोड्नको लागि नगरपालिकामा संचालनमा रहेको अनलाईन पोर्टल Tilottama Jobs लाइ

थप परिस्कृत गरी संचालनमा ल्याइनेछ । साथै बार्षिक रुपमा  रोजगार मेलाको आयोजना गरिनेछ ।

१८. धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरुको संरक्षण र विकासका लागि प्रधामन्त्री रोजगार कार्यक्रम मार्फत प्राप्त हुने संघीय बजेटसंग नगरपालिकाको बजेट साझेदारी गरि कार्य अगाडी बढाइनेछ । यसका लागि श्रमिकको ज्याला प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत र निर्माण सामग्री, उपकरण र दक्ष जनशक्तिको बजेट नगरपालिका तर्फबाट बिनियोजन गरिनेछ ।

१९. दलित समुदायको पार्श्वचित्र निर्माण गर्दै आर्थिक, शैक्षिक, सामाजिक क्षेत्र तथा नगर बाट उपलब्ध हुने रोजगारीका अवसर मा उचित व्यवस्था गरिनेछ । दलित समुदाय बाट उत्पादन गर्ने बस्तुको संकलन भण्डारण र बजार को सुनिश्चितता को लागि योजना निर्माण गरिनेछ ।

२०. स्थानीय उद्यमीले उत्पादन गरेका सामाग्रीको प्रदर्शन र बजारीकरणका लागि नगरपालिका स्थानीय उत्पादन प्रबर्धन मेला संचालन गरिनेछ ।

२१. कोभिडका कारण मारमा परेको अर्थतन्त्रको पुनरुत्थान गर्न तथा बर्तमान आर्थिक मन्दीको प्रभावबाट स्थानीय अर्थतन्त्रलाई उकास्न, आर्थिक क्रियाकलाप र व्यवसायलाई डिजिटलाइज गर्न तथा सेवाग्राहीमा छनौटको अधिकार स्थापित गर्न **"Tilottama eCommerce"** सेवा संचालन गरिनेछ ।

२२. वडा नं १७ मा निर्माण प्रस्ताव गरिएको शितभण्डार गृहलाई एसियाली विकास बैंकको सहयोगमा निर्माण गर्न नेपाल सरकार र एसियाली विकास बैंकसंग रणनैतिक पहल गरिनेछ ।

२३. तिलोत्तमा नगरपालिका वडा नं. १० को सग्रहवामा निर्माणाधीन औद्योगिक ग्रामको निर्माण कार्यलाई प्राथमिकतामा राखी अगाडी बढाइनेछ । निर्माण कार्यमा बजेटको अभाव हुन नदिन संघ सरकारसंग ठोस पहल गरिनेछ ।

२४. नेपाल सरकार र तिलोत्तमा नगरपालिकाको संयुक्त लगानीमा वनबाटिका क्षेत्रभित्र पर्यटन क्षेत्र पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत निर्माणाधीन बहुउद्देश्यीय टावर र आसपासको क्षेत्र निर्माण गर्ने कार्य प्राथमिकताका साथ सम्पन्न गर्न नेपाल सरकारसंग आवश्यक समन्वय गरिनेछ ।

२५. नगर क्षेत्र भित्रका प्रमुख पर्यटकीय गन्तब्य स्थलहरु समेटी नगरका प्रमुख चोकहरुमा पर्यटक सूचना पाटी (**Tourist Information Board**) राखिनेछ । अन्तर पर्यटकीय क्षेत्र पूर्वाधार विकास कार्यको सम्भाव्यता अध्ययन गरिनेछ । बनबाटिका क्षेत्रमा पर्यटन सूचना

केन्द्रको स्थापन गरिनेछ । पर्यटन क्षेत्रमा संलग्न व्यवसायीहरुलाई आतिथ्यता (Hospitality) सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

२६. सबै वडाका पर्यटकीय स्थानहरुको जानकारी सहितको **"तिलोत्तमा पर्यटन पुस्तिका"** प्रकाशन गरिनेछ । "घुम्न जाउँ तिलोत्तमा", "तिलोत्तमा घुमौं तिलोत्तमा चिनौं" जस्ता अभियान मार्फत आन्तरिक पर्यटन प्रवर्द्धनका क्रियाकलाप संचालन गरिनेछ ।

२७. नगरपालिकाले विकास गरेको Tourism App लाई थप परिष्कृत गर्दै पर्यटन व्यवसायी सम्म पुर्याई थप व्यवस्थित बनाइनेछ । Hospitality क्षेत्रमा नगरपालिकामा बढ्दै गएको लगानीलाई प्रोत्साहन गर्न लुम्बिनी विकास कोषसंगको समन्वयमा लुम्बिनीमा घुम्न आउने पर्यटकलाई तिलोत्तमामा बसाल्न **"Visit Lumbini: Stay In Tilottama"** अभियान संचालन गरिनेछ ।

२८. रोहिणी र तिनाउ नदीको पौराणिक महिमा जगेर्ना गर्ने गरि **रोहिणी तिनाउ सौन्दर्यकरण योजना** संचालन गरिनेछ । रोहिणी नदीमा निर्माणाधीन सिंचाई बाँधको समयमै व्यवस्थित निर्माणका लागि संघीय तथा प्रदेश सरकार संग समन्वय गरिनेछ । सिंचाई बाँधका कारण निर्माण हुने जलाशयमा देवदह नगरपालिका संगको समन्वय तथा सहकार्यमा जल पर्यटन सेवा संचालनका लागि प्रकृया अघि बढाइनेछ । नदी तटबन्ध कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

२९. वडा नं १३ मा निर्माणाधीन थारु संग्रहालयको निर्माण कार्य समयमै सम्पन्न गर्नको लागि संघ र प्रदेश सरकारसंग सहलगानी गरिनेछ । सेमरी स्थित सखिया थारू होमस्टेलाई तिलोत्तमा नगरपालिकाको **अतिथी सत्कार क्षेत्रको** रुपमा विकास गरिनेछ । सखिया थारु सेमरी होमस्टे लाई सुधार गरि नगर क्षेत्रभित्र उत्पादित प्रांगारिक उत्पादनहरुको खपत केन्द्रको रुपमा संचालन गरिनेछ । होमस्टे संचालकहरु बीच निरन्तर अनुभव आदान प्रदान गरि नयाँ उद्यमीहरुका लागि उद्यमशिलता सहजीकरण केन्द्रको रुपमा विकास गरिनेछ ।

३०. **"आन्तरिक आयको प्रमुख भरः बैज्ञानिक र व्यवस्थित घर बहाल कर"** अभियान संचालन गरिनेछ । घर बहाल करको सम्भाव्यता अध्ययन गरि घरबहाल करलाई नगरपालिकाको दिगो र भरपर्दो श्रोतको रुपमा विकास गर्दै प्रत्येक घर धनीले घर बहाल कर सम्झौता वडा कार्यालयमा गर्नुपर्ने व्यवस्था क्रमिक रुपमा कार्यान्वयन गर्दै लगिनेछ । बैदेशिक अध्ययन प्रायोजनका लागि बुझाउने घरबहाल करमा ५० प्रतिशत छुट दिने ब्यवस्था गरिनेछ ।

३१. प्राकृतिक श्रोत साधनको महत्तम परिचालनको नीति लिदै नगर क्षेत्रभित्रका प्राकृतिक श्रोत साधनको समुचित उपयोग गर्ने कार्यलाइ उत्प्रेरित गर्दै कानून बिपरितका कार्य रोक्न निरन्तर

अनुगमन र कडा दण्ड जरीवानाको व्यवस्था मिलाइनेछ । साथै जोखिम संबेदनशील भू-उपयोग योजना अनुरुप सम्पदा संरक्षणका कार्यहरु संचालन गरिनेछ ।

३२. नगरबासीलाई कर नगरी कर तिर्ने बानीको विकास गर्न उद्योग बाणिज्य संघ, चेम्बर अफ कमर्स, व्यापार संगठन, घरेलु तथा साना उद्योग संगठन लगायतका व्यवसायिक संगठनहरुसंग हातेमालो गर्दै कर सहभागिता अभियान संचालन गरिनेछ । प्रविधि साक्षर व्यवसायीहरुले घरबाटै व्यवसाय दर्ता, नवीकरण र कर भुक्तानी गर्न मिल्ने गरि प्रविधिको विकास गरिनेछ र अन्य व्यवसायीहरुको हकमा घुम्तीसेवा को रुपमा ब्यवसायिक स्थलमै पुगी व्यवसाय दर्ता, नवीकरण र राजस्व व्यवस्थापनका कार्य गरिनेछ । करको दर भन्दा दायरा विस्तार गर्ने नीति अनुरुप केहि करका दायरा विस्तार गरि करको दर सामान्यतया चालु बर्षकै दरलाई आगामी आर्थिक बर्षमा निरन्तरता दिइने छ ।

३३. करदाताको सम्मानको लागि कर दिवसको दिन नगरपालिकामा सबैभन्दा बढी राजस्व दाखिला गर्ने करदातालाई **उत्कृष्ट करदाता**को रुपमा सम्मान गरि **तिलोत्तमा नगरको कर सद्भावना दुत**को रुपमा घोषणा गरिनेछ । सबैभन्दा बढी राजस्व तिर्ने १० करदाताहरुको फोटो सहितको विवरण उहाँहरुको सम्मान स्वरूप नगरपालिकाको वेबसाइटमा राखी प्रत्येक बर्ष अध्यावधिक गरिनेछ ।

३४. नगर भित्र का वडा १ देखि १७ सम्म रहेका पुरातात्विक, ऐतिहसिक तथा धार्मिक महत्व बोकेका मठ मन्दिर, गुम्बा, बिहार, मस्जिद, डिउहार चर्च लगायतका क्षेत्रलाई धार्मिक तथा पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ । साथै नगर भित्र रहेका पार्क ,ताल तलैयाहरूलाइ ब्यवस्थित गर्दै पर्यटकीय क्षेत्रका रूपमा बिकास गर्न आवश्यक व्यवस्था मिलाईनेछ । ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरुको व्यवस्थित अभिलेख तयार गरिनेछ । कुञ्जपार्कमा म्युजिकल वाटर फाउन्टेन निर्माण गर्न र वडा नं ८ को बिन्दबासिनी मन्दिर क्षेत्रको पूर्वाधार विकास गर्न संघीय सरकारसंग पहल गरिनेछ ।

३५. तिलोत्तमा नगर क्षेत्र भित्रका धार्मिक, सांस्कृतिक तथा पौराणिक सम्पदाहरुको सुची निर्माण गरि निश्चित मापदण्डको आधारमा ति सम्पदाहरुलाई तिलोत्तमा सम्पदा सुचीमा समावेश गरि संरक्षण तथा विकास गर्ने नीति अवलम्बन गरिनेछ । नगर क्षेत्रभित्रका सिमसार क्षेत्रहरुको बर्गिकरण गरि उपयुक्त सिमसार क्षेत्रहरूलाइ **तिलोत्तमा सिमसार क्षेत्र** घोषणा गरि संरक्षण र विकासका क्रियाकलाप अगाडी बढाइने छ ।

३६. खानेपानीको सुबिधा नपुगेका बिद्यालय, स्वास्थ्य चौकी, हाट बजार हरुमा स्वच्छ तथा स्वस्थ खानेपानीको धारा जडान गरिनेछ । नगरका प्रमुख चोकहरुमा खानेपानीको धारा

जडान गरिनेछ । खानेपानी संस्थाहरुसंग समन्वय गरि नालाहरुमा रहेका खानेपानीको पाईप व्यवस्थापन गरिनेछ ।

**आदरणीय नगर सभा सदस्य ज्यूहरु ,**

**अब म सामाजिक विकास अन्तर्गत स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई, युवा तथा खेलकुद, लैंगिक समानता तथा सामाजिक समवेशीकरण तर्फका नीति तथा कार्यक्रम हरु प्रस्तुत गर्न चाहन्छु ।**

३७. बालविकास कक्षा देखि नै सामुदायिक बिद्यालयको गुणस्तर अभिवृद्धि गरि क्रमश आधारभूत तथा माध्यमिक बिद्यालयको नतिजा सुधार गर्न बालविकास कक्षाहरुलाई सुबिधा सम्पन्न कक्षाको रुपमा सुधार गरिनेछ । यसका लागि जनशक्ति, शिक्षण सिकाई क्रियाकलाप, शैक्षिक पूर्वाधार आदी पक्षको सुधार गरिनेछ । सामुदायीक बिद्यालयका शिक्षकहरूमा शिक्षक अनुशासन, पेशागत सदाचारिताका प्रबर्धन गरिनेछ । एक नगर एक बिद्यालयको अवधारणा अनुरूप नगर क्षेत्रभित्र मापदण्ड बनाइ शिक्षक सरूवा को ब्यवस्था गरिनेछ ।

३८. सामुदायिक तथा संस्थागत बिद्यालयवीचको शैक्षिक गुणस्तरको दुरीलाई न्यूनीकरण गर्दै सबल शिक्षा प्रणाली स्थापित गर्न कक्षा पाँचको बार्षिक परिक्षा नगर स्तरीय परिक्षाको रुपमा संचालन गरिनेछ । सामुदायिक बिद्यालयहरुलाई सूचकका आधारमा कार्यसम्पादन स्तर निर्धारण गरि प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ ।

३९. नगर भित्र रहेका प्राविधिक शिक्षालयहरुमा प्रत्येक वडाका कम्तिमा एक बिद्यार्थीलाई सहभागी गराई स्वरोजगार अभियान संचालन गरिनेछ । सबै प्रकारका अपाङ्गता भएका वालवालिकाहरुको लागि सिकाई केन्द्र स्थापना गरि सबैको लागि शिक्षा अभियानलाई सघाउ पुर्याइने छ । आगामी शैक्षिक सत्र देखि नगर क्षेत्रमा एक **महिला बिद्यालय** संचालन गर्न आवस्यक तयारी गरिनेछ ।

४०. नगरपालिकाले दिवा खाजाको रुपमा प्रदान गर्दै आइरहेको प्रति बिद्यार्थी थप रु १० अनुदानलाई निरन्तरता दिईनेछ । संस्थागत बिद्यालयले प्रदान गर्नुपर्ने छात्रवृत्ति र निजि अस्पतालले प्रदान गर्नुपर्ने निशुल्क उपचारको कानूनी व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

४१. **सिर्जनशील शुक्रबार (Creativity in Good Friday Along with Book Holiday)** भन्ने अभिप्रायका साथ नगर क्षेत्रभित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत बिद्यालयहरुमा प्रत्येक शुक्रबार पाठ्यपुस्तक रहित सिर्जनात्मक कक्षा संचालन गर्न निर्देशित गरिनेछ । उक्त

दिन कला, योगा साहित्य, संगीत, खेलकुद लगायतका सिर्जनात्मक क्रियाकलाप तथा इमान्दारिता, अनुशासन, सदचारिता सम्बन्धी व्यवहारिक शिक्षा प्रदान गर्न प्रोत्साहन गरिनेछ ।

४२. **नगर उप प्रमुख क्षमता विकास केन्द्र** को स्थापना र संचालन गरि नगरबासीहरुलाई बर्षैभरी विभिन्न सीपमूलक व्यवसायिक तालिम संचालन गरिनेछ । तालिम पश्चात नगर क्षेत्र भित्रका उत्कृष्ट व्यवसायिक प्रतिष्ठानहरुमा अवलोकन भ्रमण, अनुभव आदान प्रदान कार्य संचलन गरिनेछ । तालिम प्राप्त जनशक्तिको इन्टर्नसीपको लागि निजि क्षेत्रका विभिन्न व्यवसायिक प्रतिष्ठानहरु संग सहकार्य गरिनेछ । उद्यमशील र व्यवसायी बन्न चाहनेहरुको लागि निश्चित मापदण्डको आधारमा सहुलियतपूर्ण ऋृण तथा व्यवसाय संचालन सपोर्ट उपलब्ध गराइनेछ ।

४३. बिभिन्न विधामा नगरपालिकाले प्रदान गर्ने सिप तथा क्षमता विकास कार्यक्रममा प्रशिक्षण कार्यका लागि प्रशिक्षक रोष्टरको व्यवस्था गरि रोष्टरमा सुचीकृत प्रशिक्षकलाई मात्र क्षमता विकास कार्यक्रममा प्रशिक्षकको रुपमा अवसर प्रदान गरिनेछ ।

४४. तालिम आवश्यकता पहिचान ( Training Need Assessment) गरि आवश्यकताको आधारमा क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न नगरबासीहरुले आफूलाई आवश्यक पर्ने क्षमता विकास कार्यक्रमहरु छनौट गर्न मिल्ने गरि उपयुक्त Online Portal तयार गरि संचालनमा ल्याईनेछ । यसका आधारमा नगरपालिकाले संचालन गर्ने तालिम तथा गोष्ठीहरु औचित्यका आधारमा मात्र संचालन गरिनेछ ।

४५. नगर प्रमुख छात्रवृत्ति कोषको व्यवस्थित परिचालन गरि माध्यमिक तह सम्म अध्ययन गर्ने नगर क्षेत्रभित्रका अनाथ, असहाय, बिपन्न, दलित, सीमान्तकृत, अपाङ्ग, पिछडा, बिपन्न र न्यून आय भएका व्यक्तिहरु लाभान्वित हुने वातावरण सिर्जना गरिनेछ ।

४६. तिलोत्तमा सिटि कलेजलाई सार्वजनिक निजि साझेदारी अवधारणा अनुरुप संचालन गरि नगर क्षेत्रभित्रका बिद्यार्थीहरुलाई सहुलियत दरमा गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्ने वातावरण निर्माण गरिनेछ ।

४७. युवाहरूको समग्र बिकासका लागि युवामैत्री स्थानीय शासन कार्यक्रमलाइ अगाडी बढाइनेछ ।

४८. सार्वजनिक सेवा प्रति युवाहरुको आकर्षण अभिवृद्धि गर्न नगर क्षेत्रभित्रका प्लस टु (१०+२) र स्नातक शिक्षा पुरा गरेका युवाहरुको लागि नगरपालिका कार्यालय र वडा कार्यालयहरुमा Internship कार्यक्रम संचालन गरिनेछ । नगरले खुलाउने रोजगारीका अवसरहरुमा Internship गरेका बिद्यार्थीहरुलाई बिशेष प्राथमिकता दिईनेछ ।

४९. नगर भित्र सिकाई उपलब्धी बढी भएका बिद्यालयसंग सिकाई उपलब्धी कम भएका बिद्यालयहरुको सम्बन्ध स्थापित गरि शिक्षक तथा बिद्यार्थीहरू माझ असल अभ्यासका अनुभव आदान प्रदान गर्ने कार्य संचालन गरिनेछ । सामुदायिक सिकाई केन्द्रहरुलाई उद्यमशीलता प्रवर्द्धन केन्द्रको रुपमा विकास गरिनेछ साथै उल्लेखित संस्थाहरुको प्रभावकारी परिचालन गरि परिक्षणको रुपमा बिपन्न समुदायमा प्रौढ शिक्षा समेत संचालन गरिनेछ ।

५०. समाजमा बढ्दै गएको अनुशासनहीनता, भ्रष्टाचार र व्यक्तिबादीपनलाई निरुत्साहित गरि समुहिकता, मेलमिलाप र सहिष्णुताको भावना विकास गर्न बिद्यालय शिक्षाको आधारभूत तह देखि नै स्थानीय पाठ्यक्रम परिमार्जन गरि सदाचारिता, अनुशासन तथा इमान्दारिता सम्बन्धी पाठ्यबस्तु समावेश गरि पठनपाठन गरिनेछ ।

५१. खेलकुद प्रति यूवाहरुको बढ्दो आकर्षण र रुचीलाई मध्यनजर गर्दै नगर कार्यपालिकाको कार्यालयसंग जोडिएको खाली सार्वजनिक स्थानमा नेपालले प्रतिनिधित्व गर्ने बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलहरुको डिजिटल टेलिस्कृन मार्फत प्रत्यक्ष प्रसारणको व्यवस्था मिलाइनेछ ।

५२. नगरपालिकालाई क्रिकेट हबको रुपमा विकास गर्न **"तिलोत्तमा कप"** प्रतियोगिता आयोजना गरिनेछ । फुटवल, भलिवल जस्ता खेलहरूको प्रबर्धनका लागि बिभिन्न प्रतियोगिताहरू संचालन गरिनेछ । निजि क्षेत्रबाट नगर क्षेत्रभित्र क्रिकेट, फुटवल, भलिवल लगायतका खेलकुद एकेडेमी निर्माण तथा संचालनमा आवस्यक सहयोग एबं सहजीकरण गरिनेछ ।

५३. खेलाडीहरुको सम्मान तथा हौसलाको लागि विभिन्न खेल विधामा तिलोत्तमा नगरपालिकाका अब्बल खेलाडीहरु समेटी **"तिलोत्तमा स्पोर्टस् अवार्ड"** कार्यक्रम संचालन गरि खेल क्षेत्रमा उत्कृष्ट योगदान पुर्याउने खेलाडीहरुलाई सम्मान तथा पुरस्कृत गरिनेछ । यस कार्यमा खेलाडीको स्वतन्त्र छनौटको लागि पब्लिक भोटिंग प्रणाली अवलम्बन गरिनेछ ।

५४. नगर क्षेत्रभित्रका खेल मैदानहरुको प्राथमिकताको आधारमा स्तरोन्नति र विकास गरिनेछ । साथै राष्ट्रपति रनिंग शिल्ड खेलकुद प्रतियोगिता, मेयर कप, उपमेयर कप, तिलोत्तमा गोल्डकप लगायतका खेलकुद प्रतियोगितालाई निरन्तरता दिईनेछ ।

५५. राष्ट्रपति रनिंग शिल्ड खेलकुद प्रतियोगिता, प्रदेशस्तरीय खेलकुद र राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडीहरुले कायम गरेको नगरस्तरीय खेलकुद रेकर्डलाई विधागत रुपमा सफ्टवेयरमा आधारित अभिलेखीकरण गरिनेछ । प्रत्येक बर्ष कायम हुने नगरस्तरीय रेकर्डहरुलाई अध्यावधिक गर्दै लगिनेछ । प्रदेशस्तरीय र राष्ट्रिय खेलकुद प्रतियोगितामा अब्बल हुने खेलाडीहरुलाई नगद पुरस्कारले सम्मान गरिनेछ ।

५६. युवाहरुमा बढ्दै गएको प्रतिस्पर्धाको भावनालाई सन्तुलित गर्दै प्रतिस्पर्धा संगसंगै स्वयंसेवाको भावनालाई पनि जागृत गर्दै लगिनेछ । प्रत्येक वडाहरुमा सामाजिक कार्यमा स्वयंसेवाको भावना अनुरुपका क्रियाकलाप संचालन गर्न यूवा स्वयंसेवीहरुको छनौट गरि परिचालन गरिनेछ । स्वयंसेवा मार्फत प्राप्त हुने सामाजिक पुंजी र यूवाहरुको साहस, सृजनशीलता, आत्मविश्वास, अनुशासन र उद्यमशीलता जस्ता मानवीय पुँजी बीच फ्यूजन गरि समाज विकासमा प्रयोग गरिनेछ । राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा यूवाको क्षेत्रमा उत्कृष्ट कार्य गरि तिलोत्तमा नगरपालिकाको श्रीवृद्धि गर्ने यूवा तथा यूवा सम्बद्ध संस्थालाई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

५७. नगरपालिकामा सुरक्षित मातृत्व सेवा प्रदान गर्नको लागि नगरपालिकाको वडा नं. १० मा अवस्थित सेमराबजार स्वास्थ्य चौकीलाई **"तिलोत्तमा मातृ शिशु अस्पताल"** को रुपमा विकास गरिनेछ ।

५८. किशोरी आत्मरक्षा कार्यक्रम संचालन गरिनेछ । तीब्र गतिमा बढ्दै गएको आत्महत्या न्यूनीकरण तथा लागू पदार्थको दुर्व्यसनीबाट यूवालाई सुरक्षित राख्न विभिन्न बिद्यालयहरुमा जनचेतनामूलक सडक नाटक प्रदर्शन लगायतका कार्यक्रमहरू गरिनेछ ।

५९. नगरपालिकामा निर्माणाधीन १५ शैयाका अस्पतालहरु निर्माण सम्पन्न भई संचालनमा नआएसम्मको लागि तिलोत्तमा नगरपालिका वडा नं. ९ केवलानीमा रहेको तिलोत्तमा कोभिड अस्पताललाई सुधार तथा स्तरोन्नति गरि विशेषज्ञ सेवा सहितको तिलोत्तमा नगर अस्पतालको रुपमा विकास तथा संचालन गरिनेछ । नगर अस्पताललाई नै स्वास्थ्यकर्मीहरुको क्षमता विकास केन्द्रको रुपमा विकसित गरिनेछ । बिपी ग्राममा रहेको स्वास्थ्य संस्थाबाट सेवा संचालन गरिनेछ । गर्भवती संग उप मेयर कार्यक्रम लाइ निरन्तरता दिइनेछ । बर्थिङ सेन्टरमा बच्चा जन्माउने गर्भवती महिलालाइ थप रू १००० दिने नीतिलाइ निरन्तरता दिइनेछ ।

६०. प्रत्येक बिद्यालयमा कम्तिमा महिनाको एक पटक सम्बन्धित वडाको स्वास्थ्य चौकीको समन्वयमा **"बिद्यार्थी स्वास्थ्य कार्यक्रम"** संचालन गरिनेछ । थारू समुदायमा देखिने सिकल सेल एनिमियाको रोकथाम तथा उपचारको ब्यवस्था गरिनेछ ।

६१. नगरबासीको स्वास्थ्यलाई ख्याल राख्दै नगरपालिकाको स्वास्थ्य संस्था व्यवस्थापन सूचना प्रणाली मार्फत नगर क्षेत्रभित्रका प्रमुख रोगहरुको पहिचान गरि उक्त रोगहरुबाट नगरबासीलाई सुरक्षित राख्न प्रत्येक महिना फरक फरक वडामा बिशेषज्ञ सहितको घुम्ती स्वास्थ्य शिविर संचालन गरिनेछ ।

६२. **“स्वस्थ शरीर स्वस्थ आत्माः विपश्वाना र अध्यात्म”** कार्यक्रम संचालन गरि जनप्रतिनिधि र कर्मचारीहरुलाई बिपश्वाना तालिम प्रदान गरिनेछ । नगर क्षेत्र भित्र रहेको आयुर्वेद औषधालयहरुको स्तरोन्नति गरिनेछ । वैकल्पिक चिकित्सा बिधिहरूलाइ प्रबर्धन गरिनेछ ।

६३. साबिकका ७ वटा स्वास्थ्य चौकीहरुमा **Medical Waste Management System** को व्यवस्था गरि अस्पतालजन्य फोहोरलाई बैज्ञानिक व्यवस्थापन गरिनेछ । नगरबासीलाई उपचारको क्रममा रगतको अभाव हुन नदिनको लागि नगरस्तरीय ब्लड बैंकको स्थापना गरिनेछ । साथै नगर स्तरीय सुलभ औषधी पसल र नगर स्तरीय स्वास्थ्य परिक्षण ल्याब स्थापना गरिनेछ । ब्यवस्थित र आधुनिक खोप केन्द्र का रुपमा खोप केन्द्र हरु लाइ स्तरोन्नति गरिनेछ .

६४. लागु पदार्थ दुर्ब्यशनी, साइबर अपराध, लैंगिक हिंसा र वाल विवाहबाट वालवालिकामा हुने सम्भावित जोखिम न्यूनीकरण गर्न विद्यालय तथा समुदाय स्तरबाट नै सचेतना कार्यक्रम संचालन गरिनेछ ।

६५. नगरबासीको स्वास्थ्य प्रति संबेदनशील रहदै **“अति बिपन्न नागरिक स्वास्थ्य बिमा कोष”** को ब्यवस्था गरि निश्चित मापदण्डको आधारमा अति बिपन्न परिवारको पहिचान गरि उनीहरुको निशुल्क स्वास्थ्य बिमा गरिनेछ ।

६६. महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकालाई **नगर क्षेत्र सामुदायिक स्वास्थ्य सद्भावना दूत**को रुपमा परिचालन गरिनेछ । महिला स्वास्थ्य स्वयंसेविकाहरुको सामाजिक सम्मानका लागि प्रत्येक महिला स्वास्थ्य स्वयंसेविकाहरुको घरमा उहाँहरुको सेवा परिचय र उहाँहरुले प्रदान गर्नुहुने सेवाको सूची सहितको **परिचयात्मक सेवा सूचिका** तयार गरि जडान गरिनेछ । आफ्नो क्षेत्रभित्रका नगरबासीहरुलाई तौल मापन सेवा प्रदान गर्न प्रत्येक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई स्वचालित तौल मापन यन्त्र (Digital Weighing Machine) प्रदान गरिनेछ ।

६७. महिला स्वास्थ्य स्वयंसेविका दिवसको दिन उमेर हदको कारण सेवा निवृत्त हुनुहुने महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई नेपाल सरकारले तोकेको रकममा नगरपालिकाले थप गरि सम्मानजनक बिदाई कार्यक्रम लाइ निरन्तरता दिइनेछ ।

६८. खेलकुद, जनचेतना अभिवृद्धि, वातावरण संरक्षण, छाडा चौपाय व्यवस्थापन, विपद व्यवस्थापन लगायतका क्षेत्रमा युवा परिचालनका अवसरहरु सिर्जना गरिनेछ ।

६९. समग्र शिक्षा क्षेत्र सुधारको महत्वपूर्ण कडीको रुपमा रहने बिद्यालय व्यवस्थापन समितिलाई अन्तर स्थानीय तह अनुभव आदान प्रदान, शैक्षिक योजना तयारी र कार्यान्वयन लगायतका क्षेत्रमा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

७०. दलित समुदायको क्षमता विकास गरि सुधार सहितको परम्परागत पेशाको लागि अनुदानमा पेशागत सामग्री वितरण गरिनेछ ।

७१. नगर शिक्षा समिति गठन गरि उक्त समितिलाई क्रियाशील बनाई बिद्यालयहरुको शिक्षक दरबन्दी मिलान र सरुवाको मापदण्ड तयार गरि शिक्षक दरबन्दी अनुपात समतामूलक ब्यवस्थापन गरिनेछ । साथै बिद्यालयहरुलाई दिईदै आएको शैक्षिक अनुदानलाई निरन्तरता दिईनेछ ।

७२. नगर क्षेत्रभित्र रहेका युवा बिद्यार्थीहरूको प्रतिभाहरुको पहिचान तथा प्रष्फुटनको लागि प्रत्येक महिना एक सृजनशिल कार्यक्रम संचालन गरिनेछ ।

७३. नगर क्षेत्रभित्र संचालित गैर सरकारी संस्थाहरु संग समन्वय बैठक बसी उक्त संस्थाका कार्यक्रमहरु तिलोत्तमा नगरपालिकाको बार्षिक विकास योजनामा समावेश गरि नगर सभाबाट पारित गरेर मात्र कार्यान्वयन गर्ने कार्यलाई जोड दिइनेछ ।

७४. सामुदायिक बिद्यालयहरुको गुणस्तर सुधार गर्न सामुदायिक बिद्यालय सुधार कार्ययोजना तयार गरि लागु गरिनेछ । नतिजा विश्लेषण तथा अन्तर-बिद्यालय अनुभव आदान प्रदान द्वारा सामुदायिक बिद्यालयहरुलाई सृजनशील बनाइ थप गुणस्तरीय र प्रतिस्पर्धी बनाइनेछ । बिद्यार्थीहरूको प्रतिभाहरूको खोजी र बिकासका लागि एक बिद्यालय, एक श्रृजनशील कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

७५. जीवनका बिभिन्न विधाबाट निवृत्त बिशेषज्ञहरुको अनुभवको आधारमा नगरपालिकाका समस्त विषयगत नीति तथा कार्यक्रम तय गरि त्यसको सार्थक कार्यान्वयनका लागि Silver Volunteer कार्यक्रम कार्यान्वयन गरिनेछ ।

७६. नगरपालिकालाई **मानवताको सहर (City of Humanity)** को रुपमा विकास गर्न नगर क्षेत्रभित्र संचालित ज्येष्ठ नागरिक आश्रय केन्द्र, वालवालिका पुनर्स्थापना केन्द्र, सुस्त मनस्थिति आश्रय केन्द्रलाई प्रदान गरिदै आएको सहयोगलाई निरन्तरता दिईनेछ । मानव सेवा आश्रमलाई निरन्तर सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

७७. टोल विकास संस्थालाई नगरपालिकाको **“सामुदायिक सेवा सहयात्री”** को रुपमा विकास गर्न नगरका नीति तथा कार्यक्रम, कानून, बार्षिक बजेट तथा योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मुल्यांकन प्रक्रियाको बारेमा जानकारी एवं प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।

७८. मानव मर्यादाको नगर निर्माणका लागि विभेद तथा छुवाछुतका बिरूद्द सामाजिक अन्तरघुलनका कार्यक्रमहरू संचालन गर्दै समानता युक्त र समता युक्त नगर निर्माणका लागि छुवाछुत र बिभेद बिरूद्दका सामाजिक जागरणका कार्यक्रम लागु गरिनेछ ।

७९. नगर क्षेत्रभित्र मनाइने विभिन्न धार्मिक तथा सांस्कृतिक चाड, पर्व, जात्रा, मेला तथा उत्सबहरुको जगेर्ना गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ । साथै विभिन्न जात, जाति, भाषा, लिङ्ग, सम्प्रदायहरुको उत्थान तथा विकासका कार्यक्रमहरु संचलन गरिनेछ । स्थानीय कला र संस्कृतिलाई स्थानीय उत्पादनसंग जोडी स्वरोजगारी मार्फत आर्थिक उपार्जन गर्ने माध्यमको रुपमा विकास गरिनेछ ।

८०. सीमान्तकृत बर्ग, भाषिक, यौनिक तथा लैंगिक अल्पसंख्यक, , फरक क्षमता भएका व्यक्तिहरुको सम्मानजनक जीवनयापन तथा क्षमता विकासको लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरि लागु गरिनेछ ।

८१. गैर सरकारी संस्थाहरुलाई विकास साझेदारको रुपमा स्वीकार गर्दै उनीहरुलाई नगर क्षेत्र भित्रको सन्तुलित विकास र मानव विकासका क्षेत्रहरुमा व्यवस्थित परिचालन गरिनेछ ।

८२. छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैंगिक विभेद र हिंसाका घटनाहरु न्यूनीकरणका लागि टोल विकास संस्था मार्फत सामाजिक परिचालनका कार्यहरु संचालन गरिनेछ । तिलोत्तमा नगरपालिकाको सामाजिक समावेशीकरण सम्बन्धी नीति र सामाजिक विभेद निवारण सम्बन्धी कार्ययोजना निर्माण गरि लागु गरिनेछ ।

८३. सामाजिक सुरक्षा तथा संरक्षण कार्यका लागि नगर क्षेत्र भित्र क्रियाशील बालबालिका पुनर्स्थापना केन्द्र, ज्येष्ठ नागरिक आश्रय केन्द्र, अशक्त स्याहार केन्द्रहरुको नियमित संचालनको व्यवस्था मिलाइनेछ ।

८४. घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामुलक अभियान संचालन गरिनेछ जसमा टोल विकास संस्था र आमा समूह, महिला समूह जस्ता सामुदायिक संस्थाहरुलाई परिचालन गरिनेछ ।

८५. विभेद मुक्त नगर समानता युक्त नगर निर्माणको लागि नगरस्तरीय रणनीति निर्माण गरि रणनीति बमोजिम उत्थान, विकास र जागरणका कार्यहरु संचालन गरिनेछ ।

८६. बढ्दो शहरीकरण संगै पानीको अभाव कम हुन नदिन खानेपानीको दीर्घकालिन रणनीति र योजना निर्माण गरिनेछ ।

८७. अति बिपन्न घर परिवारलाई खानेपानीको धारा जडान बापत लागेको शुल्कको ५०% शुल्क अनुदान उपलब्ध गराइनेछ । बिपन्न बस्तिहरुमा सामुदायिक खानेपानीको धारा जडान गर्ने नीति लिइनेछ ।

८८. नगर क्षेत्रभित्रका खानेपानी तथा सरसफाई संस्थाबाट वितरित खानेपानीको प्रत्येक चौमासिकमा अनुगमन गरि गुणस्तरीय खानेपानी सेवा प्रदान गर्न प्रोत्साहन गरिनेछ ।

खानेपानीको गुणस्तर परिक्षण गर्नको लागि नगरपालिकामा खानेपानी संस्था हरु संगको सह लगानीमा खानेपानी गुणस्तर परिक्षण प्रयोगशाला स्थापना गरी संचालन गरिनेछ ।

८९. विभिन्न साझेदार संस्थाहरु संगको समन्वयमा नगर क्षेत्रभित्र फोहोर पानी प्रशोधन केन्द्र तथा दिशाजन्य लेदो व्यवस्थापन कार्यको सुरुवात गरिनेछ ।

९०. निजि क्षेत्र संगको समन्वयमा सबै सामुदायिक बिद्यालयहरुको शौचालय एक पटकको लागि नगरपालिकाद्वारा डिप क्लिनिंग गरिनेछ । सार्बजनिक स्थानहरूमा चौपारी , खानेपानी तथा सौचालय को क्रमिक रुपमा व्यवस्था गरिनेछ । सबै सामुदायिक बिद्यालयहरुमा वालमैत्री धारा जडान गरिनेछ ।

९१. बुटवलबाट नगरपालिका क्षेत्रभित्र बगेर आउने फोहोरलाई नियन्त्रण गर्न सोह्र छत्तिस सिंचाई नहरको योगीकुटी क्षेत्रमा आधुनिक छेकवार उपकरण राख्ने कार्य गरिनेछ । सोह्र छत्तिस मौजा सिंचाई नहरमा फोहोर फाल्न नपाइने खालका सूचनामूलक होर्डिङ बोर्ड निर्माण गरिनेछ ।

**अब म पूर्वाधार बिकास का क्षेत्र तर्फका नीति तथा कार्यक्रम हरु प्रस्तुत गर्न चाहन्छु ।**

९२. नगरस्तरीय आयोजनाको रुपमा १७ वटै वडाहरु समेट्ने गरि कम्तिमा १७ किलोमिटर बाटो कालोपत्रे गरिनेछ । कालोपत्रे गर्ने कार्यमा अत्याधुनिक आस्फाल्ट प्रविधीको प्रयोग गरिनेछ ।

९३. सामुदायिक बिद्यालयको शिक्षाको गुणस्तर सुधार गर्न पूर्व प्राथमिक कक्षा देखि नै सुधारका कार्यक्रमहरु संचालन गरिनेछ । तिलोत्तमा नगर क्षेत्रभित्रका भौतिक पूर्वाधारको अवस्था कमजोर भएका आधारभूत तथा माध्यमिक बिद्यालयहरुको भौतिक पूर्वाधार विकासका लागि तिलोत्तमा स्वर्णिम योजनामा समावेश गरि यो बर्ष कम्तिमा ४ वटा बिद्यालयको भौतिक पूर्वाधार निर्माण गरिनेछ । सामुदायिक क्याम्पसहरुको शैक्षिक गुणस्तर र पूर्वाधार सुधारका कार्यक्रमहरु संचालन गरिनेछ ।

९४. स्थानीय स्तर देखि नै डिजल, पेट्रोल, एल. पी. जी. ग्यासको खपत कम गरि मूलुकको चुलिँदो व्यापार घाटालाई कम गर्न तथा देशभित्र उत्पादित बिजुलीको स्थानीय खपत बढाई आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न नगरपालिका क्षेत्रभित्रको सिक्सलेन सडक अन्तर्गत उपयुक्त स्थानमा विद्युतीय सवारी चार्ज गर्नको लागि **चार्जिङ्ग स्टेशन** स्थापना गरि संचालन गरिनेछ । आगामी दिनमा नगरपालिकाले खरिद गर्ने गाडीहरु अनिवार्य रुपमा विद्युतीय गाडी हुनुपर्ने व्यवस्था गरिनेछ ।

९५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास सहायता प्रदान गर्ने निकायहरुबाट लगानी आकर्षित गर्नको लागि नगरपालिकाका सात वटा प्रमुख आयोजनाहरु पहिचान गरि बिस्तृत सम्भाव्यता अध्ययन गरिनेछ ।

९६. तिलोत्तमा नगरपालिकाको वडा नं. ६ मा अवस्थित मोक्ष धाम तथा त्यस सम्म पुग्ने पहुँचमार्ग निर्माणमा निरन्तर सहयोग गरि **मोक्ष धामलाई अध्यात्म प्रवर्द्धन केन्द्र**को रुपमा विकास गरिनेछ ।

९७. **उज्यालो तिलोत्तमा** अभियान अन्तर्गत १७ वटै वडाका प्रमुख रणनैतिक स्थानहरुमा मिनी -मास्ट बत्ती जडान गरिनेछ । आवश्यकताका आधारमा नगरका भित्री सडकमा स्ट्रिट लाइट जडान गरिनेछ । नगर क्षेत्रभित्र रहेका बिद्युतका पुराना पोलहरु व्यवस्थापन गर्न तथा बिद्युत सम्बद्ध अन्य समस्या समाधानका लागि नेपाल बिद्युत प्राधिकरण संग समन्वय गरिनेछ । बढी दुर्घटना हुने सडकका घुम्तिहरूमा रिफ्लेक्टिभ मिरर जडान गरिनेछ ।

९८. नगरपालिकामा संचालनमा रहेको बारुण यन्त्र पुरानो भई प्रभावकारी सेवा प्रदान गर्न असहज भएको तथा उक्त बारुण यन्त्र छिमेकका स्थानीय तहमा समेत परिचालित हुनुपर्ने भएकाले सेवाको चाप तथा गुणस्तरलाई दृष्टिगत गर्दै नयाँ बारुणयन्त्रको खरिद गरि सेवा प्रवाह गरिनेछ । **Ambulances should follow the fire brigade** भन्ने अन्तराष्ट्रिय मान्यतालाई कार्यान्वयन गरिनेछ । नगरका रणनैतिक क्षेत्रहरुमा खाने पानी संस्था संगको समन्वयमा Fire Water Hydrant जडान गरिनेछ ।

९९. शंकरपुर चोक देखि नगर कार्यपालिका कार्यालयसम्म सार्वजनिक यातायातको व्यवस्था नभएका कारण सेवाग्राहीमा पर्न गएको असुविधालाई समाधान गर्नको लागि निशुल्क ई-रिक्साको व्यवस्था गरिनेछ । सवारी चाप बढी हुने नगरका प्रमुख स्थानहरुमा स्मार्ट पार्किङको व्यवस्था क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

१००. यात्रु सुरक्षा, ट्राफिक नियमको अनुपालना तथा सहरी सौन्दर्य अभिवृद्धि गर्ने कार्यका लागि सिक्सलेन सडकको मणिग्राम चोकमा अवस्थित आकाशे पुलमा डिभिजन सडक संगको समन्वयमा अत्याधुनिक रुफट्रशको निर्माण गरि संचालनमा ल्याईनेछ ।

१०१. नगरपालिकाले संचालन गर्ने कार्यक्रमहरु एकीकृत रुपमा संचालन गर्न, विभिन्न कार्यक्रमहरुमा सभाहल व्यवस्थापनमा बर्षेनी हुने खर्चलाई कटौती गर्न तथा जनप्रतिनिधि र कर्मचारीको समय व्यवस्थापन गर्नको लागि नगर कार्यपालिकाको कार्यालय परिसर भित्र सुबिधासम्पन्न आधुनिक सभाहलको निर्माण कार्य अगाडी बढाइनेछ ।

१०२. सिमसार क्षेत्रको संरक्षण तथा उपयुक्त स्थानहरुमा रिचार्ज पोखरीहरुको व्यवस्था गरिनेछ । एक वडा एक पोखरी संरक्षणको कार्यलाई निरन्तरता दिइनेछ ।

१०३. १६ फिट भन्दा कम चौडाई भएका र १०० मिटर भन्दा कम लम्बाई भई सडकको बिन्दु अन्त्य भएका सडकहरुमा इन्टरलक लगाउने वा ढलाई गर्ने नीति अवलम्बन गरिनेछ । बाटो निर्माण तथा विस्तार गर्दा बाटोको केन्द्रलाई आधार मानी बाटोको दुवै तर्फ समान हिसाबले जग्गा छोड्नुपर्ने नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

१०४. नगर क्षेत्रभित्र क्रियाशील बस व्यवसायीहरु संगको सहकार्यमा नगर भित्रको कम्तिमा एक रुट पहिचान गरि **"तिलोत्तमा नगर बस"** सेवा संचालन गरिनेछ ।

१०५. "सिंचाइमा लगानी, खेतबारीमा पानी" अभियान अन्तर्गत नगर क्षेत्रभित्र संचालित सोह्र, छत्तिस सिंचाइ प्रणाली लगायतका सामुदायिक सिंचाई प्रणालीहरुको मर्मत, सुधार, तथा सवलिकरण गरिनेछ । नगर क्षेत्रभित्रका भैरहवा लुम्बिनी भुमिगत जल परियोजना, नलकुप समेतका बोरिंगहरुको नियमित मर्मत तथा संचालनको आवस्यक प्रवन्ध मिलाइनेछ । सिंचाई सुबिधा नपुगेका क्षेत्रमा नलकुप कार्यालयसंग सहकार्य गरि सेलो ट्यूबवेल निर्माण गर्ने कार्य अगाडी बढाइनेछ ।

१०६. नगरपालिकाको वडा नं. १६ र १७ मा अगाडी बढीरहेको व्यवस्थित जग्गा विकास कार्यलाई सामुदायिक-निजि साझेदारी अवधारणा अनुरुप संचालन गर्न सहरी विकास तथा भवन निर्माण बिभाग, नगर विकास कोष, नेपाल इन्फ्रास्टकचर बैंकसंग सहकार्य गरिनेछ ।

१०७. तिलोत्तमा रिङ रोड निर्माण कार्यलाई प्राथमिकतामा राखी स्थानीय-प्रदेश-संघ सहकार्यमा अगाडी बढाइनेछ । यसका लागि प्रदेश र संघ सरकार संग व्यवस्थित पहल गरिनेछ ।

१०८. **हाम्रो नगर हामी आफै बनाउछौं** भन्ने नारालाइ आत्मसात गर्दै नगरको ग्रामिण र सहरी क्षेत्रको दिगो र सन्तुलित विकासको लागि नगरपालिकाका योजनाहरुलाई सहरी विकास लक्षित योजना र ग्रामिण विकास लक्षित योजनामा विभाजन गरि निर्माण गरिनेछ । ग्रामिण क्षेत्रको सघन विकास कार्यको लागि नगरपालिका अन्तर्गतका साबिकका ७ वटा गाउँ विकास समिति लक्षित कम्तिमा एक वटा ठूलो पूर्वाधार विकास योजना निर्माण गरि संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

१०९. नगरपालिकाका प्राथमिकता प्राप्त, नगर गौरब र स्वर्णिम आयोजना अन्तर्गत कार्यान्वयन हुने सडक पूर्वाधार निर्माणका आयोजनाहरुमा बिद्युत र संचार सेवालाई समेत एकीकृत गर्न **Utility Duct** क्रमशः विस्तार गरिनेछ ।

११०. **पूर्वाधार साझेदारी (Infrastracutre Sharing)** को मान्यतालाई कार्यान्वयन गर्दै नगर क्षेत्रभित्र अव्यवस्थित इन्टरनेट सेवा सम्बद्ध तारहरुलाई व्यवस्थित गरि नगर सौन्दर्यमा बढोत्तरी गर्न तिलोत्तमा नगरपालिकाले विस्तार गरेको फाईबर संजाल नयाँ इन्टरनेट सेवा प्रदायकहरुलाई लिजमा दिने प्रवन्ध गरिनेछ ।

१११. अन्तरपालिका समन्वय र सहकार्यमा छाडा चौपाया नियन्त्रण, फोहोरमैला व्यवस्थापन र विपद् व्यवस्थापन, हरियाली प्रबर्धन, सडक तथा पूर्वाधार बिकास , प्राकृतिक श्रोत र साधन, नदि नियन्त्रण, ढल तथा नाली निर्माण र अन्य महत्वपूर्ण बिषयहरूमा संघ, प्रदेश सरकार तथा बिकास साझेदारहरू संगको समन्वयमा योजनाहरू कार्यान्वयनमा ल्याइने छ ।

११२. नगर भित्रका घाटहरूमा आधुनिक शवदाह स्थल निर्माण गरी संचालनमा ल्याइनेछ साथै कव्रस्तान , चिहानघाट जस्ता संरचनाहरूको निर्माण एवं स्तरोन्नती गरिनेछ ।

११३. हाइवे एम्बुलेन्स, पूर्वाधार एम्बुलेन्स संचालनमा ल्याइनेछ । डेडिकेटेड साइकल लेनको अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।

**अब म वन वातावरण तथा विपद् व्यवस्थापन का क्षेत्र तर्फका नीति तथा कार्यक्रम हरु प्रस्तुत गर्न चाहन्छु ।**

११४. तिलोत्तमा क्षेत्रभित्र बढ्दो सडक दुर्घटनालाई न्यूनीकरण गर्न तथा यात्रु सुरक्षा अभिवृद्धि गर्न ट्राफिक प्रहरीसंगको समन्वयमा योगीकुटी र कोटिहवामा अत्याधुनिक **Automatic Number Plate Reader(ANPR) Camera** जडान गरिनेछ ।

११५. विभिन्न सार्वजनिक स्थान तथा हाट बजारहरुमा स्मार्ट सार्वजनिक शौचालयहरुको निर्माण गरि संचालनमा ल्याइनेछ । नगरपालिका र अन्तर्गतका निकायहरुको निर्माणाधीन र आगामी दिनमा निर्माण हुने भवनहरुमा बालमैत्री तथा अपाङ्गमैत्री शौचालय निर्माण गरिनेछ ।

११६. नगरपालिकाले संचालन गर्दै आईरहेको हरियाली प्रवर्द्धन तथा नगर सरसफाई अभियानलाई थप विस्तार तथा व्यवस्थित गर्दै नगर तथा राष्ट्रिय जीवनका विभिन्न विधामा योगदान पुर्याउने महानुभावहरुलाई वृक्षारोपण कार्यमा सहभागी गराई **"तिलोत्तमा जीवन्त पार्क"** को स्थापना गरिनेछ ।

११७. नगर स्तरीय विपद व्यवस्थापन सूचना प्रणाली स्थापना गरि प्रादेशिक तथा राष्ट्रिय विपद व्यवस्थापन सूचना प्रणालीसंग आबद्द गरिनेछ । विपदको पूर्व सूचना प्रणाली स्थापना गर्नका लागि संघ सरकार संग समन्वय गरिनेछ ।

११८. वातावरणमैत्री स्थानीय शासन प्रारूप बमोजिम नगरपालिकाको आफ्नै वातावरणमैत्री स्थानीय शासन निर्देशिका तयार गरि प्रदेश तथा संघीय सरकारसंग समन्वयमा कार्यान्वयन प्रकृया अगाडी बढाइनेछ । टोल विकास संस्था तथा अन्य सरोकारवालाहरु लाई वातावरणमैत्री स्थानीय शासन प्रारूपका सूचकहरु अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

११९. जलवायु परिवर्तनको बढी जोखिममा रहेका समुदायहरुलाई अनुकुलन तथा जोखिम न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१२०. विपद् व्यवस्थापनको रणनैतिक योजना तयार गरि नगरस्तरीय आपतकालिन कार्य संचालन केन्द्र स्थापना गर्दै उक्त केन्द्रमा विपद् व्यवस्थापनका लागि आवश्यक सामग्रीहरुको खरिद गरि व्यवस्थापन गरिनेछ ।

१२१. विपद व्यवस्थापन कार्यमा स्वयंसेवकको रुपमा कार्य गर्न इच्छुक प्रत्येक वडाका ५/५ जना स्वयंसेवकलाई विपद व्यवस्थापन सम्बन्धी आधारभूत तालिम प्रदान गरि विपद व्यवस्थापन टास्क फोर्सको रुपमा परिचालन गरिनेछ । विपद व्यवस्थापनको क्षेत्रमा अहोरात्र खट्ने नगर प्रहरी तथा फायर फाईटरहरुको लागि तालिम तथा यथोचित सुरक्षा उपकरणहरुको व्यवस्था गरिनेछ ।

१२२. नगरपालिका क्षेत्र भित्रका घोला नालाहरुको बैज्ञानिक व्यवस्थापन गरि बर्षायाममा हुने डुबानको समस्यालाई समाधान गर्नको लागि प्रारम्भिक कार्यको रुपमा **ड्रेनेज नेटवर्क प्लान** तयार गरिनेछ । अल्पकालीन रुपमा समस्याको समाधानको लागि नगर क्षेत्रभित्रका सबै घोला तथा कुलाहरु सफाई गरि पानीको सहज निकासको व्यवस्था गरिनेछ ।

१२३. बालमैत्री नगरपालिका हुनुको गौरबलाई हृदयंगम गर्दै बालमैत्री नगरपालिकाको दिगोपनाको लागि आवश्यक कार्यक्रमहरु निरन्तर संचालन गरिनेछ । समाजमा फोहोरमैला व्यवस्थापन, वातावरण संरक्षण, सदाचार, अनुशासन, सामाजिक विभेद लगायतका बिषयहरुको बारेमा सचेतना प्रवाह गर्ने कार्यका लागि नगर तथा वडा बाल संजाल, बाल क्लबहरुलाई परिचालन गरिनेछ ।

१२४. जन्मदिनमा वृक्षारोपण गर्ने नीतिलाई निरन्तरता दिईनेछ । खुला क्षेत्रहरुलाई संरक्षण र व्यवस्थित गरिनेछ । १ वडा १ पार्क को अवधारणालाइ निरन्तरता दिइनेछ ।

१२५. तिलोत्तमा नगरपालिकाको समेत लगानीमा संचालित फोहोरमैला अध्ययन तथा प्रशोधन केन्द्रको विकास तथा विस्तार गरिनेछ । फोहोरमैला प्रशोधन कार्यका लागि उपयुक्त प्रविधि जडानका लागि समन्वय र सहकार्य गरिनेछ ।

१२६. सहरी सौन्दर्य प्रवर्द्धन तथा विपद उत्थानशील संरचना निर्माणको नीति अनुरुप राष्ट्रिय र नगर स्तरीय भवन संहिताको कडाईका साथ कार्यान्वयन गरिनेछ । घरबाट निस्कने फोहोर पानीको उचित व्यवस्थापन घरधनी आफैले गर्नुपर्ने बिधि अवलम्बन गर्न सोस्ता निर्माणलाई नयाँ घरहरुमा अनिवार्य र पुराना घरहरुमा २ बर्ष भित्र अनिवार्य कार्यान्वयन गर्ने नीति

अवलम्बन गरिनेछ । सिकर्मी डकर्मीहरुलाई भवन निर्माण प्रविधि र भवन संहिता सम्बन्धी तालिम दिई दक्ष बनाईनुका साथै उनीहरुलाई सुरक्षा उपकरणहरुको प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

१२७. सिक्स लेनका प्रमुख चोकहरु र अन्य रणनैतिक स्थानहरुमा तथा वडा का महत्वपुर्ण चोक  हरुमा  सिसि टिभी क्यामेरा जडान गरिनेछ । त्यसको नियन्त्रण कक्ष (कन्ट्रोल रुम) नगरपालिकामा राखी तिलोत्तमा नगर सूचना केन्द्रको रुपमा विकास गरिनेछ ।

**अब म शुसासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फका नीति तथा कार्यक्रम हरु प्रस्तुत गर्न चाहन्छु ।**

१२८. नगरपालिकाका कर्मचारीहरुको कार्यसम्पादनलाई नतिजासंग जोड्न र प्रमुख कार्यसम्पादन सूचकमा आधारित कार्यसम्पादन नतिजाको आधारमा उनीहरुको उत्प्रेरणा र संगठनको उत्पादकत्व अभिवृद्धिको लागि कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गरिनेछ जसका लागि **3 T (Task Tracing Tool) Technology** को विकास तथा कार्यान्वयन गरिनेछ ।

१२९. सहउत्पादनको अवधारणा बमोजिम नागरिकलाई नगरपालिकाका बढी भन्दा बढी कार्यहरुमा सक्रिय रुपमा सहभागी गराउन तथा नगरपालिकाले प्रदान गर्ने सेवाहरु नगरबासीहरुलाई एकीकृत रुपमा प्रदान गर्न नगर कार्यपालिका परिसरमा एक One Stop Citizen Facilitation Center को स्थापना गरि संचालन गरिनेछ ।

१३०. नगरपालिकाका निर्माणाधीन वडा कार्यालय भवनहरुको समयमै निर्माण कार्य सम्पन्न गरि आफ्नै प्रशासनिक भवन बाट सेवा प्रवाह गर्ने वातावारण मिलाइनेछ । निर्माण हुन बाँकि वडा कार्यालयहरुको निर्माण कार्यको लागि आवश्यक बजेटको बिनियोजन गरिनेछ ।

१३१. नगरपालिकाले कार्यान्वयन गर्ने पुंजीगत बजेटलाई लक्ष्य बमोजिम खर्च गर्न स्थानीय स्तरमा विवाद नभएका, पूर्व सम्भाव्यता अध्ययन भएका र कार्यान्वयन योग्य योजनाहरुमा मात्र बजेट बिनियोजन गरि कार्यान्वयन गरिनेछ । पुँजीगत खर्च बढाउनका लागि उक्त बजेट कार्यान्वयन सम्बद्ध जनशक्तिहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ । मासिक रुपमा पूँजीगत बजेटको खर्च अवस्थाको समिक्षा गरि योजना कार्यान्वयन चरणमा देखा पर्ने समस्याहरुलाई समाधान गर्दै लगिनेछ ।

१३२. सेवाग्राहीहरुको सहजताको लागि वडा कार्यालयहरुबाट कार्यान्वयन हुने योजनाहरुको वडा कार्यालयहरुमा मा नै योजना सम्झौता गर्ने कार्यलाई निरन्तरता दिईनेछ । निश्चित मापदण्ड तोकी उपभोक्ता समिति मार्फत कार्यान्वयन भएका योजनाहरुको वडा कार्यालयमा नै पुगी भुक्तानी दिने कार्यको समेत सुरुवात गरिनेछ ।

१३३. सफ्टवेयर प्रणाली मार्फत न्यायिक समितिका क्रियाकलापहरु संचालन भैरहेको अवगत गराउदै न्यायिक समितिका उजुरी प्रशासन, मेलमिलाप, न्यायिक छलफल, मेलमिलाप केन्द्र व्यवस्थापन, उजुरी फछ्र्यौट, मिसिल संरक्षण लगायतका क्रियाकलापहरुलाई थप व्यवस्थित र पारदर्शी बनाईनेछ । सबै मेलमिलापकर्ताहरुलाई न्यायिक समितिको सफ्टवेयर संचालन सम्बन्धी तालिम प्रदान गरिनेछ ।

१३४. **तिलोत्तमा सूचना प्रविधि सम्मेलन (Tilottama Information Technology Conference - TITC)** को आयोजना गरि सूचना प्रविधिको क्षेत्रमा भएका नवीनतम आविष्कारहरुको बारेमा सरोकारवालाहरुलाई जानकारी गराई त्यसबाट अधिकतम लाभ लिन प्रेरित गरिनेछ । नगरपालिकाले प्रवाह गर्ने सेवाहरुमा समेत उक्त नवीनतम प्रविधिहरुकोको प्रयोगमा जोड दिईनेछ ।

१३५. नगर क्षेत्र भित्र संचालित संचारका माध्यमहरुको विकास तथा विस्तारको लागि सहयोग तथा पहल गरिनेछ । तिलोत्तमा मा कार्यरत पत्रकारहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

१३६. **डिजिटल तिलोत्तमा (DIGITAL TILOTTAMA)** कार्यक्रम संचालन गरि तिलोत्तमा नगरपालिका र मातहतका कार्यालयहरुबाट प्रवाह हुने सेवालाई सरल, सहज, पारदर्शी, पहुँचयोग्य र व्यवस्थित तुल्याइनेछ । सार्वजनिक खर्च कटौती गर्न नगर कार्यपालिका कार्यालय भित्र बोतलको पानी प्रयोगलाई पूर्णतया बन्देज लगाइनेछ । बिज्ञान र सूचना प्रविधि, नवप्रवर्तन र आविष्कारको क्षेत्रमा युवाहरुलाई आकर्षित तथा प्रोत्साहन गर्न राष्ट्रिय आविष्कार केन्द्र समेतका देशभरका विभिन्न संघ संस्थाहरुसंग समन्वय गरि तिलोत्तमा सुचना, बिज्ञान प्रविधि अनुसन्धान तथा आविस्कार केन्द्रको स्थापना गरिनेछ

१३७. नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन र निरन्तर अनुगमन तथा पृष्ठपोषण प्रदान गर्नको लागि छुट्टाछुट्टै समिति गठन गरि मासिक समिक्षा गरिनेछ ।

१३८. नगरपालिकाले संचालन गर्ने विभिन्न कार्यक्रमहरुबारे जनता तथा सम्बन्धित सरोकारवालाहरु लाई सुसूचित गर्न समय समयमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण लगायतका कार्यक्रमहरु संचालन गरिनेछ । नगरपालिकामा संचालनमा रहेको जनगुनासो व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित बनाइनेछ । नगरबासीका जनगुनासो सुन्न **हेलो तिलोत्तमा** कार्यक्रम संचालन गरिनेछ ।

१३९. उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरुमा योजनाहरुप्रति उपभोक्ताको स्वामित्वबोध गराउन, अपनत्व कायम गराउन र योजनाको दिगोपनको लागि निश्चित प्रतिशत लागत साझेदारी गर्ने नीतिलाई निरन्तरता दिईनेछ । लागत साझेदारीलाई संघ र प्रदेश

सरकारबाट प्राप्त योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्दा समेत अनिवार्य गरिनेछ । योजना कार्यान्वयनमा सहजताका लागि उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन नेपाली भाषामा तयार गर्ने कार्यको सुरुवात गरिनेछ ।

१४०. नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट कायम हुन आएको दरबन्दी अनुरुपको नगर प्रहरीको रिक्त पदलाई पदपूर्ती सहित थप नगरप्रहरी भर्ना गरि कानून तथा नगर कार्यपालिकाका निर्णयहरु कार्यान्वयन, न्यायिक समितिका फैसला कार्यान्वयन, बजार अनुगमन, नगर क्षेत्रभित्र शान्ति सुरक्षा कायम, राजस्व असुली, सडक तथा ट्राफिक सुरक्षा, जनचेतना अभिवृद्धि आदी क्रियाक्रलपहरुमा प्रभावकारी परिचालन गरिनेछ ।

१४१. भ्रष्टाचारजन्य क्रियाकलाप प्रति शुन्य सहनशीलताको नीति अवलम्बन गर्दै भ्रष्टाचारजन्य क्रियाकलाप न्यूनीकरणका लागि नगरपालिकाका नीति तथा कानूनहरुको व्यापक प्रचार प्रसार, कार्यविधी सरलीकरण, व्यवस्थित नागरिक सहायता कक्षको स्थापना, प्रभावकारी गुनासो सुनुवाई संरचनाको व्यवस्था, हटलाइन सेवाको बैज्ञानिक व्यवस्थापन, सूचनाहरुको पारदर्शिता र जनप्रतिनिधि र कर्मचारीहरुको जवाफदेहिता अभिवृद्धि गरिनेछ ।

१४२. सेवा प्रवाह सुधार तथा सेवाग्राही सन्तुष्टिका लागि व्यवस्थापन परिक्षण, सार्वजनिक सुनुवाई, सेवाग्राही सन्तुष्टि सर्वेक्षण जस्ता बिधिको प्रयोग गरिनेछ । वडा तथा नगर कार्यपालिका कार्यालयबाट प्रवाह हुने सेवालाई टोकन प्रणाली, अनलाइन रजिष्ट्रेशन, कम्प्युटर बिलिंग जस्ता सूचना प्रविधीको प्रयोग मार्फत नागरिकमैत्री बनाइनेछ । नगरपालिकाले निर्माण गरेको सेवा प्रवाहको मापदण्ड (SOP) को कार्यान्वयन गरिनेछ ।

१४३. सरकारी सेवाका बहालवाला तथा अवकाश प्राप्त विज्ञ महानुभावहरु रहने गरि "तिलोत्तमा प्रशासन तथा सेवा प्रवाह सुधार समिति" गठन गरि नगरपालिका र नगरपालिका अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य चौकी, कृषि तथा पशु सेवा केन्द्रहरुको दरबन्दी संरचना, व्यवस्थापन परिक्षण र सेवा प्रवाह स्तरको बस्तुनिष्ठ मूल्यांकन गरि उक्त समितिको सुझाब समेतको आधारमा नगरपालिकाको प्रशासन तथा सेवा प्रवाह सुधार गरिनेछ ।

१४४. **नगर प्रमुख नवप्रवर्तन प्रोत्साहन कार्यक्रम** संचालन गरि नगर क्षेत्रभित्रका यूवा तथा बिद्यार्थीहरु द्वारा संचालित नवप्रवर्तनका क्रियाकलापहरुलाई सहयोग गरिनेछ । बिज्ञान ,सूचना तथा संचार प्रविधि, नवप्रवर्तन र आविष्कारको क्षेत्रमा यूवाहरुलाई आकर्षित तथा प्रोत्साहन गर्न राष्ट्रिय आविष्कार केन्द्र, नास्ट लगायत विभिन्न संघ संस्थाहरुसंग समन्वय गरि तिलोत्तमा सुचना तथा बिज्ञान प्रविधि आविष्कार केन्द्रको स्थापना गरिनेछ ।

१४५. तिलोत्तमा नगरपालिकाको क्षमता विकास योजनाले लक्ष्य गरे अनुरुप सरकारी तथा गैर सरकारी तालिम प्रदायक संस्थाहरु संग समन्वय तथा साझेदारी गरि जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि बिभिन्न क्षमता विकासका योजनाहरु संचालन गरिनेछ ।

१४६. तिलोत्तमा नगरपालिकाको परियोजना बैंक तथा पंचबर्षिय योजना (२०८०-२०८५) ले निर्दिष्ट गरेका योजना तथा कार्यक्रमहरुमा बजेट बिनियोजन गरि दीर्घकालीन प्रभाव पर्ने किसिमका योजनाहरु संचालन गरिनेछ । प्रत्येक बर्ष परियोजना बैंकका प्राथमिकता प्राप्त, नगर गौरब र नगर स्तरीय स्वर्णिम आयोजनाहरुको लागि अनिवार्य रुपमा बजेट बिनियोजन गरिनेछ ।

१४७. आवधिक योजना र बार्षिक विकास योजनालाई स्थानीयकृत दिगो विकासका लक्ष्यहरुसंग तादाम्य हुने गरि निर्माण गरिनेछ । विकास योजनाहरुको वातावारणीय प्रभाव, गरिवी निवारण, लैंगिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी परिक्षण गरि कार्यान्वयनमा ल्याइनेछ ।

१४८. नगरपालिकाले निर्माण गरेका सडक यातायात गुरुयोजना, जोखिम सम्बेदनशील भू-उपयोग योजनाले निर्धारण गरेका क्रियाकलापहरु नियमित रुपमा संचलनको व्यवस्था मिलाइनेछ ।

१४९. नगरपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने अधिकारका विषयहरुको कार्यान्वयनका लागि नगरपालिकाले निर्माण गर्नुपर्ने कानूनहरु तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।

१५०. नगर सभा र नगर कार्यपालिकाका बिषयगत समितिहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ । सार्वजनिक लेखा समितिलाई क्रियाशील बनाई महालेखापरीक्षकको कार्यालयबाट नगरपालिकाको नाममा कायम भएका बेरुजुहरुको संपरीक्षण तथा फछ्र्यौट गर्ने कार्यमा कार्यतालिका बनाई परिचालन गरिनेछ । सार्वजनिक खर्चको प्रभावकारीतामा जोड दिंदै आर्थिक क्रियाकलाप संचालन गर्दा बिनियोजन कुशलता, खर्चमा दक्षता र आर्थिक अनुशासनको मान्यतालाई अवलम्बन गरिनेछ ।

१५१. Commercial Building हरुमा Fire Extinguisher र पार्किङ को अनिवार्य व्यवस्था गर्नुपर्ने नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ । उल्लेखित व्यवस्था पालना गरेमा मात्र भवन निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्ने व्यवस्था गरिनेछ ।

१५२. Planning Permit नलिईकन जग्गा तथा घडेरी विकास गर्ने कार्यलाई निरुत्साहित गरिनेछ । नगर क्षेत्रभित्र निर्माण हुने आवासीय, व्यवसायिक तथा सार्वजनिक भवनहरु निर्माण गर्दा ग्रीन बिल्डिंगको अवधारणा बमोजिम निर्माण गर्न प्रोत्साहन गरिनेछ ।

१५३. **"नगर संग जनताको आशः व्यवस्थित र सरल नक्सा पास"** घर नक्साको कार्यका लागि १००० बर्ग फिट सम्म क्षेत्रफल भएका फरक फरक २० वटा नक्साको डिजाइन नगरपालिका आफैले तयार गरि नगरबासीलाई निशुल्क प्रदान गरिनेछ । गाउ ब्लक को बाटोको मापदण्ड बनाइ कार्यान्वयन गरिनेछ ।

१५४. भूमि आयोग संगको समन्वयमा नगर क्षेत्रभित्रका बिभिन्न वडाहरुमा भूमिहिन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरु लाई जग्गाधनी प्रमाणपूर्जा वितरणको कार्य भैरहेको छ । यस कार्यलाई आयोगको जिल्ला कार्यालयसंग समन्वय गरि थप द्रुत र व्यवस्थित तुल्याइनेछ । यसका अलावा नगरबासीलाई जग्गाको स्वामित्व सुनिश्चित गर्न बिशेष नापी, पुनःनापी तथा गाउँ ब्लकका जग्गा नापजाँच सम्बन्धी प्रक्रिया अगाडी बढाइनेछ । संघीय सरकार संग समन्वय गरि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गाधनी प्रमाणपूर्जा प्राप्त गर्दा तिर्नुपर्ने दस्तुर छुटको लागि पहल गरिनेछ ।

१५५. **जनप्रतिनिधिको संकल्प नगरबासीको सहभागिता** अनुसार नगर सरसफाई तथा हरियाली प्रवर्द्धनको १०० औं शृंखलामा नगर प्रमुखबाट गरिएका ५ वटा प्रमुख घोषणाहरु **"नो हर्न नगरपालिका, वातावरणमैत्री स्थानीय शासन कार्यक्रम, छाडा चौपाया व्यवस्थापनका लागि पशु दर्ता तथा व्यवस्थापन प्रणाली, गुट्खाजन्य पदार्थ बेचबिखन नियन्त्रण र फोहोरमैला बर्गिकरण"** को कार्यलाई कडाईका साथ कार्यान्वयन गर्दै त्यसको दिगोपना कायम राख्न टोल विकास संस्था, यूवा क्लब, आमा समूह, नगर बाल संजाल, आम संचार जगत, बिद्यालयहरु तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रभावकारी परिचालन गरिनेछ ।

अन्त्यमा, नीति तथा कार्यक्रमको सफल र सार्थक कार्यान्वयन नगरपालिकाको एकल प्रयासले सम्भव छैन। सबै राजनीतिक दल, सामुदायिक, निजी तथा गैर सरकारी संघ संस्था, नागरिक समाज, सहकारी तथा वित्त क्षेत्र, टोल विकास संस्था, युवा क्लब, आमा समूह र सचेत आम नगरवासीहरुको निरन्तर साथ, सहयोग र सर्मथनले मात्र उल्लेखित नीति तथा कार्यक्रमले देखेका समुन्नत तिलोत्तमाका सपनाहरुलाई मुर्तरुप दिन सकिन्छ। आम सञ्चार जगतको निरन्तर खबरदारी हाम्रो लागि सर्वदा पथ प्रर्दशक रहनेछन। समृद्ध तिलोत्तमा निर्माण तर्फ यस नीति तथा कार्यक्रमले नीतिगत प्रस्थान(Policy Departure) गर्न खोजेको छ। यसले समग्र तिलोत्तमालाई नै सुनौलो युगको दिशातर्फ डोऱ्याउने विषयमा हामी आशावादी छौं। जनताको घरदैलोको सरकारको रुपमा तिलोत्तमा नगरपालिकाले काम गर्नुपर्दछ भन्ने हेक्का हामीलाई छ सोही अनुरुप हामीले जनताका आशा र दैनानुदिन आवश्यकतालाई परीपूर्ती गर्ने गरी यो नीति तथा कार्यक्रम ल्याएका छौं। नीति तथा

कार्यक्रमको कार्यान्वयनमा समेत सबै सरोकारवाला पक्षहरुको साझेदारी समझदारी र पहरेदारीको अपेक्षा गर्दछु।

रामकृष्ण खाण
नगर प्रमुख